# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ४५१०८१

मिति: २०८१/०९/०७

श्री निर्वाचन आयोग नेपाल,
कान्तिपथ, काठमाडौं ।

**विषय: अन्तिम पर्यवेक्षण प्रतिवेदन बुझाइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल मानव अधिकार संगठनले २०८१ साल मंसिर १६ गते सम्पन्न स्थानीय तह उप निर्वाचनको पर्यवेक्षण गरेको कुरा आयोगलाई अवगतै छ ।

निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरेका नेपाल मानव अधिकार संगठनका ६३ जना पर्यवेक्षकहरुले १८ जिल्लाका ६८ भन्दा बढी मतदानस्थलहरुको अनुमन गरेका छन् । नेपाल मानव अधिकार संगठनका पर्यवेक्षकहरुबाट प्राप्त जानकारी अनुसार निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ ।

साथै, स्थानीय तह उप निर्वाचन २०८१ को अन्तिम पर्यवेक्षण प्रतिवेदन यसै पत्रका साथ संलग्न रहेको व्यहोरा आयोगलाई जानकारी गराउँदछौं ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८

निर्वाचन आयोग नेपाल, केन्द्रीय कार्यालय, काठमाडौंमा

पेस गरेको:

# स्थानीय तह उप निर्वाचन २०८१

# अन्तिम पर्यवेक्षण प्रतिवेदन

पेस गर्ने:

नेपाल मानव अधिकार संगठन

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

पुस २०८१

विषय सूची | पृष्ठ


| | |
|---|---|
| क) कार्यकारी सारांश | १ |
| १. पृष्ठभूमि | २ |
| २. पर्यवेक्षण विधि | ३ |
| २.१ तथ्यांक संकलनको विधि र तरिका | ३ |
| २.२ तथ्यांकको प्रकृति | ४ |
| २.३ प्रशोधन र विश्लेषण विधि | ४ |
| ३. पर्यवेक्षण गरिएको क्षेत्र | ४ |
| ४. पर्यवेक्षणका विषय क्षेत्र | ६ |
| ४.१ निर्वाचन कानून र निर्वाचन प्रणाली | ६ |
| ४.२ मतदाता नामावली तथा परिचय-पत्र वितरण | ७ |
| ४.३ मतदाता शिक्षा | ७ |
| ४.४ राजनीतिक दल तथा उम्मेदवारी दर्ता | ७ |
| ४.५ निर्वाचन आचारसंहिताको पालना | ८ |
| ४.६ निर्वाचन सुरक्षा व्यवस्था | ८ |
| ४.७ मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच | ९ |
| ४.८ स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन | ९ |
| ४.९ निर्वाचनमा लैङ्गिक समावेशिता | ९ |
| ४.१० निर्वाचन विवाद निरुपणको अवस्था | १० |
| ख) पर्यवेक्षणका खण्डहरु | १० |
| मतदान अघि | १० |
| मतदानको दिन | १० |
| निर्वाचनमा जे देखियो | ११ |
| मतदान पछि | ११ |
| पर्यवेक्षणका खण्डहरुको निष्कर्ष | १२ |
| ग) तथ्यांक, तथ्य र विश्लेषण | १२ |
| ५. पर्यवेक्षण गर्न खटाइएका पर्यवेक्षकहरुको खण्डीकृत विवरण (समावेशी समूह खुल्ने गरी) | १३ |
| ६. आयोगलाई सिफारिस गर्नु पर्ने विषय | १४ |
| ७. सिकाइ र चुनौती | १४ |
| ८. निष्कर्ष | १५ |
| अनुसूचि | १७ |

## क) कार्यकारी सारांश

नेपालको संविधानले राज्यको पुनर्संरचना गर्दै केन्द्रीय/संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको व्यवस्था गरे अनुरुपको पहिलो स्थानीय तहको निर्वाचन २०७४ सालमा सम्पन्न भयो । त्यसपछि नेपाल सरकारले निर्वाचनलाई व्यवस्थित गर्न र बाँकी रहेका समस्याहरुलाई समाधान गर्दै जानका लागि २०७९ साल बैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्यो । तत् पश्चात् विविध कारण बस स्थानीय तहमा रिक्त रहेका ३२ जिल्लाका ४४ पदका लागि २०८१ मंसिर १६ गते उप निर्वाचन सम्पन्न भयो । निर्वाचन गराउने जिम्मा संविधानले नै निर्वाचन आयोगलाई दिएको छ ।

लोकतान्त्रिक निर्वाचनमा निष्पक्षता र प्रभावकारिता परीक्षणका लागि तेस्रो पक्ष पर्यवेक्षणको अधिक महत्व हुने वास्तविकतालाई मध्यनगर गर्दै निर्वाचन आयोगले नागरिक समाजलाई पर्यवेक्षणमा सहभागी हुन आह्वान गर्‍यो । सो आह्वानलाई स्वीकार गर्दै नेपाल मानवअधिकार संगठनले देशव्यापी रुपमा पर्यवेक्षण गर्ने प्रतिबद्धता जनायो र त्यसमा संगठनका ६३ जना पर्यवेक्षकले १८ जिल्लामा पर्यवेक्षण गरे । विस्तृत जानकारीका लागि पर्यवेक्षकको सूची तथा समूहगत विश्लेषण यसै प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

समग्र पर्यवेक्षणलाई तीन चरण - निर्वाचनअघि, निर्वाचनको दिन र निर्वाचनपछि मा विभाजन गरी सम्पन्न गरियो । पर्यवेक्षणको उद्देश्य निर्वाचन स्वतन्त्र, निष्पक्ष, कम खर्चिलो, भयरहित वातावरणमा जनताको स्वतस्फूर्त र व्यापक सहभागितामा सम्पन्न भयो कि भएन भनेर असंलग्न तेस्रो पक्षबाट अवलोकन गर्नु गराउनु र देखिएका कमीकमजोरीहरुलाई सुधार गर्न आवश्यक भावी कदम सुझाउनु रहेको थियो । यो प्रतिवेदनमा समग्र निर्वाचन के कसरी सम्पन्न भयो, के कस्ता घटना भए, निष्कर्ष के रह्यो, निर्वाचनलाई सहज र प्रभावकारी बनाउनका लागि मुख्य रुपमा के कस्ता सुझाव तथा सिफारिस रहे र आयोग तथा पर्यवेक्षक संस्थाका सिकाइ र चुनौती के के रहे भन्ने जानकारी एवम् तथ्य विश्लेषण समावेश छन् ।

यो प्रतिवेदन मुख्य रुपमा प्रत्यक्ष स्थलगत तथा घटना अवलोकन, सञ्चार माध्यमका समाचार, टेलिफोन, सामाजिक सञ्जाल आदिबाट प्राप्त तथ्य तथा तथ्यांकका आधारमा तयार गरिएको छ र निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, कम खर्चिलो, भयरहित वातावरणमा जनताको स्वतस्फूर्त र व्यापक सहभागितामा सम्पन्न गर्न सके मात्र लोकतन्त्र प्रभावकारी हुन सक्दछ र न्याय स्थापित हुन सक्दछ भन्ने अवधारणाबाट समग्रतामा हेरिएको छ र निष्कर्ष निकालिएको छ ।

स्थानीय तहको उप निर्वाचन २०८१ साल मंसिर १६ गते सम्पन्न भयो । यो निर्वाचनमा करिब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ । स्थानीय तहको उप निर्वाचन सम्पन्न भएसँगै फेरी पनि स्थानीय तहले आफ्नो जनप्रतिनिधि पाएको छ । निर्वाचन पर्यवेक्षण गर्न अनुमति पाएका नेपाल मानव अधिकार संगठनका ६३ जना पर्यवेक्षकले करिब ६८ मतदानस्थलको पर्यवेक्षण गरेका थिए ।

आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल र निर्वाचन आयोगले कुनै कसर बाँकी नरहेको बताइरहँदा आचारसंहिताको उल्लङ्घन, एक अर्काप्रति आरोप-प्रत्यारोप तथा बेलगाम निर्वाचन खर्च जस्ता विषय सतहमा आइरहने विषय हुन् । निर्वाचन आयोगमा आचारसंहिता उल्लङ्घनका केही उजुरी परेको भए पनि अघिल्लो निर्वाचनको तुलनामा निकै कम रहेको छ । त्यस उपर कारबाही भन्दा पनि सचेत गराएर नै प्रकृया अगाडि बढाइएको पाइयो ।

आवधिक निर्वाचन लोकतन्त्रको बलियो आधार हो । निर्वाचनलाई लोकतन्त्रको चाड पनि भनिन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधि मार्फत सरकार परिवर्तन गर्दा समाजको परिवर्तन शान्तिपूर्ण तरिकाले हुन्छ । त्यसैले लोकतन्त्रलाई संसारको सबैभन्दा उन्नत राजनीतिक व्यवस्था मानिन्छ । संविधानले नागरिकलाई दिएका अधिकार सजिलै प्राप्त भएको होइन, यसको मूल्य बलिदान, त्याग, लामो संघर्ष र निरन्तर निष्ठाबाट प्राप्त भएको हो ।

निर्वाचन सफलता पूर्वक सम्पन्न हुन आमसञ्चार जगतले पुऱ्याएको योगदान महत्वपूर्ण रह्यो । मतदातालाई सजिलो होस् भनी मतदानस्थलहरूको पर्याप्त व्यवस्था गरिएको पाइयो जसका कारण छिटो मतदान हुन मद्दत पुगेको हामीले ठहर गरेका छौं । नेपाली जनताले पहिलो पटक आफैंले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि लागू भएसँगै नेपाल सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तरित भएको छ । संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था छ । स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले यथासम्भव प्रयास गरेको पर्यवेक्षणका क्रममा फेला पऱ्यो ।

## १. पृष्ठभूमि

नेपालको संविधानले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन आवश्यक सम्पूर्ण कार्य गर्नका लागि संवैधानिक अंगका रुपमा निर्वाचन आयोगको व्यवस्था गरे बमोजिम आयोगको तत्वावधानमा यस उप निर्वाचन सम्पन्न भएको हो । निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ, विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएको खण्डमा मात्रै जनताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सुदृढिकरण र विकासमा समेत टेवा पुऱ्याउने भएकाले आवधिक निर्वाचनलाई लोकतन्त्रको मुटु मानिन्छ ।

निर्वाचन निष्पक्ष रुपमा सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षकहरूको महत्वपूर्ण भूमिका हुने गर्दछ । निर्वाचन पर्यवेक्षण निर्वाचनको वैद्यता र विश्वसनीयता जाँच्ने कसि पनि हो । निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षणको आवश्यकता पर्दछ । जनताले मतदानको अधिकार निर्धक्कसँग प्रयोग गर्न पाएका छन् कि छैनन् भनी बुझ्ने माध्यम

निर्वाचन पर्यवेक्षण हो । पर्यवेक्षणका माध्यमबाट निर्वाचन प्रक्रियाका सवल र कमजोर पक्षका बारेमा थाहा पाउन सकिने भएकाले निर्वाचन पर्यवेक्षणलाई निर्वाचनको तेश्रो आँखा पनि मान्ने गरिन्छ ।

पर्यवेक्षकको कुनै पनि दल वा विचारप्रति आफ्नो आस्था वा समर्थन भए पनि काममा आस्था वा विचार कदापि झल्कनु हुँदैन । पर्यवेक्षकहरू निष्पक्ष भई काम नगर्दा सम्म उनीहरू व्यवसायिक हुन सक्दैनन् । इमान्दारिता र व्यवसायिकता नै पर्यवेक्षकको असली पहिचान हो । निर्वाचन लोकतन्त्रको मर्म, जीवन र केन्द्रबिन्दु भएकाले स्वतन्त्र, शान्तिपूर्ण, धाँधली रहित भएन भने लोकतन्त्रको आत्मा नै नरहने भएकाले पर्यवेक्षकले इमान्दारी पूर्वक आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । निर्वाचनको परिणाम सर्वस्वीकार्य, राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सकेमा मात्र निर्वाचनको सार्थकता रहने भएकाले निर्वाचन पर्यवेक्षण र पर्यवेक्षकको महत्वपूर्ण भूमिका रहन्छ ।

स्थानीय तहमा रिक्त ४४ मध्ये ४१ पदका लागि २०८१ साल मंसिर १६ गते आइतबार मतदान भएको हो । दुई जिल्ला समन्वय समिति प्रमुख र एक वडा अध्यक्ष यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् ।  यसरी समग्रमा स्थानीय तहको उप निर्वाचन सम्पन्न भएको र तिनको परिणाम पनि घोषणा भैसकेको छ । निर्वाचनलाई नागरिक समाजबाट स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने व्यवस्थालाई आत्मसात गर्दै नेपाल मानव अधिकार संगठनले यस निर्वाचनमा पर्यवेक्षण अनुमति लिई पर्यवेक्षण कार्य सम्पन्न गऱ्यो । यस क्रममा संगठनबाट जम्मा ६३ जना पर्यवेक्षकहरुले पर्यवेक्षण गरे ।

## २. पर्यवेक्षण विधि

### २.१ तथ्यांक संकलनको विधि र तरिका

तथ्यांक संकलनका लागि Random Survey लाई आधार बनाइएको छ र स्थानीय तहको माग, जनशक्ति र स्रोतको उपलब्धता, समयको उपलब्धता, भौगोलिक पहुँचका आधारमा अध्ययन गरिएको र सो क्रममा सकेसम्म हिमाली, पहाडी र तराईका जिल्ला समेटिएको छ र जनशक्तिमा समावेशितालाई ध्यान दिइएको छ । सोको विस्तृत विवरण अनुसूचीमा संलग्न छ ।

तथ्यांक संकलनका लागि सम्बन्धित क्षेत्रको प्रत्यक्ष अवलोकन, स्थलगत भ्रमण र अन्य बाह्य अवलोकन गरियो । मतदाता, उम्मेदवार र तिनका प्रतिनिधि, सुरक्षाकर्मी, निर्वाचनमा खटिएका मतदान अधिकृत तथा सहयोगीहरु, स्वयमंसेवक, मतदान केन्द्रमा रहेका पर्यवेक्षक र स्वदेशी, विदेशी अवलोकनकर्ता, पत्रकार, नागरिक समाजका प्रतिनिधिसँग प्रत्यक्ष वार्ता संवाद गरिएको थियो ।

पर्यवेक्षकहरुका लागि प्रश्नावलीको सूची (चेकलिष्ट) बनाएर पर्यवेक्षकहरुलाई वितरण गरिएको थियो र सोहीअनुसार तथ्यांक संकलन गरिएको हो तर यस प्रतिवेदनमा संश्लेषित जानकारी मात्र समाविष्ट छन् । तथ्यांक संकलनमा तस्वीरहरु समेत लिइएको थियो ।

पर्यवेक्षकका प्रत्यक्ष प्रतिवेदन सूचनाका अतिरिक्त सञ्चार माध्यम टेलिभिजन, छापा तथा विद्युतीय पत्रपत्रिकाका समाचार, सामाजिक सञ्चार माध्यमबाट समेत सूचना संकलन र उपयोग गरिएको छ

। साथै, अन्य संस्थाका प्रतिवेदन, लेख रचना, पुस्तक, ग्रन्थलाई पनि सन्दर्भअनुसार केही हदसम्म प्रयोग गरिएको छ ।

घटनाका सूचना संकलन गर्दा विभिन्न स्थानबाट टेलिफोन सम्पर्कबाट टिपोट गर्ने, एसएमएसबाट आदानप्रदान, इमेल, फेसबुकबाट संकलन, कतिपय जिल्लाका प्रतिवेदन संगठनका जिल्ला शाखाले संकलन गरेर विश्लेषण गरी इमेल मार्फत र कसैले सोझै केन्द्रीय कार्यालयमा पठाएको तथा केन्द्रले पनि छुट्टै सम्पर्क गरी सूचना संकलन गर्ने र विभिन्न माध्यमबाट रुजु गरिएको थियो ।

## २.२ तथ्यांकको प्रकृति

यो प्रतिवेदनमा मुख्य रुपमा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क समावेश छन् भने द्वितीय स्रोतका सामग्री पनि उपयोग गरिएको छ । तथ्यांक गुणात्मक र परिमाणात्मक दुवै प्रयुक्त छन् । मुख्य रुपमा गुणात्मक तथ्यांक संकलन गरिएको छ । कतिपय कोरा सूचना, कतिपय अर्धप्रशोधित र कतिपय प्रशोधित र अन्य द्वितीय स्रोतका गरी सबै खालका तथ्यांक प्रयुक्त छन् । गुणात्मक तथ्यांकको सारांशलाई मूल पाठमा राखिएका छन् ।

## २.३ प्रशोधन र विश्लेषण विधि

अध्ययनमा पर्यवेक्षण विधि प्रमुख रुपमा प्रयुक्त छ र घटना अध्ययन विधि अवलम्वन गरिएको छ । हरेक मतदान केन्द्र र घटनालाई एउटा सिङ्गो एकाइ मानेर अध्ययन गरिएको छ र मतदान केन्द्रलाई सम्बद्ध स्थानीय तहमा एकीकृत गरिएको र त्यसलाई पुनः क्षेत्र र जिल्लामा समावेश गरी वर्गीकरण गरिएको छ । निर्वाचन भएका समग्र जिल्लाहरुलाई एउटा सिङ्गो एकाइ तथा घटना मानेर अन्तिममा निष्कर्ष निकालिएको छ । प्राप्त तथ्यांकलाई विश्लेषणात्मक विधिले हेरिएको छ । यस क्रममा लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको महत्व, आधारभूत मापदण्ड, मूल्य मान्यता, ऐननियम, नीति आचारसंहितालाई मुख्य कसी मानेर निर्वाचनमा भएको प्रयोगको समीक्षा गरिएको छ । त्यसो गर्दा के भयो, के भएन र के हुनुपर्छ भन्ने प्रश्नमा केन्द्रित रह्यो । यसका लागि खास गरी Strength, Weakness, Opportunity and Challenge (SWOC) लाई केही हदसम्म उपयोग गरिएको छ र आयोगले दिएको ढाँचामा तयार गरिएको छ ।

## ३. पर्यवेक्षण गरिएको क्षेत्र

नेपाल मानव अधिकार संगठनले यस स्थानीय तह उप निर्वाचन २०८१ मा हिमाल, पहाड, तराई तथा कोशी प्रदेश देखि सुदूरपश्चिम प्रदेश सम्म सम्भव भएका र पर्यवेक्षकहरुले मिले सम्मका जिल्लाहरुमा पर्यवेक्षण गर्ने कोसिस गर्यो ।

नेपाल मानव अधिकार संगठनबाट पर्यवेक्षण लागि अनुमति प्राप्त गरिएका जिल्लाहरु निम्नलिखित रहेका छन् ।

| | | |
|---|---|---|
| काठमाडौं | डोल्पा | झापा |
| नुवाकोट | हुम्ला | मोरङ |

| | | |
|---|---|---|
| मकवानपुर | गोरखा | कालिकोट |
| कपिलबस्तु | डोटी | बाजुरा |
| रोल्पा | सप्तरी | सुनसरी |
| दोलखा | महोत्तरी | रौतहट |

जिल्लाबाट प्राप्त जिल्लागत निर्वाचन पर्यवेक्षण विवरणका आधारमा जिल्लाका पर्यवेक्षण गरिएका केही केन्द्रका विवरणहरु निम्नलिखित रहेका छन् ।

**१. कालिकोट जिल्ला:**

कालिकोट जिल्ला तिलागुफा नगरपालिका वडा नं. ४ मतदान केन्द्रको पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।

१. विहान ७ बजेबाट नै मतदान सुरु भएको, बृद्ध महिलाद्धारा मतदान गरी मतदान कार्य प्रारम्भ भएको ।

२. लाइन व्यवस्थापन एकदम राम्रो रहेको, मोबाइल लान नपाइने, राम्रोसँग चेकजाँच गरेर मात्र मतदान स्थलभित्र पठाइएको ।

३. शान्तिपूर्ण रुपमा कुनै विवाद नभईकन साँझ ५ बजे मतदान सम्पन्न भएको निर्वाचन अधिकृतद्वारा जानकारी ।

**२. कपिलबस्तु जिल्ला:**

कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिका वडा नं. १ मा पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।

१. सबै मतदान केन्द्रमा महिला, पुरुष र फरक क्षमता भएका तथा जेष्ठ नागरिकका लागि ३ वटा लाइन बनाइएको थियो ।

२. अशक्तहरुलाई मतदान गर्न परिवारको नजिकको इच्छाइएको व्यक्तिलाई मतदान गर्न दिने व्यवस्था सबै मतदान केन्द्रहरुमा मिलाइएको थियो ।

३. कुल ६९.४२% मत खसेको थियो ।

**३. काठमाडौं जिल्ला**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ र कीर्तिपुर नगरपालिकामा पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।

१. कीर्तिपुर नगरपालिकामा करिब ६८% मत खसेको थियो ।

२. का.म.न.पा. वडा नं. १६ मा करिब ५०% मत खसेको थियो ।

३. निर्वाचनमा उत्साहपूर्ण रुपमा मतदान भएको पाइयो भने शान्तिपूर्ण रुपमा मतदाताले मत खसालेको पाइयो ।

**४. रौतहट जिल्ला**

रौतहट जिल्ला गढीमाई नगरपालिका वडा नं. ८ मा पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।

१. मत खसाल्न मतदाताहरु उत्सुक र उत्साहमा आएको, सुरुदेखि अन्तिम सम्म शान्तिपूर्ण र सौहार्दपूर्ण रुपमा मतदान सम्पन्न भएको पाइयो ।
२. निर्वाचनमा ८१.३१% मत खसेको थियो ।

**५. डोल्पा जिल्ला**

डोल्पा जिल्ला त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५ मा पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।
१. निर्वाचनमा करिब ८७% मत खसेको थियो ।
२. मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको थियो ।

**६. दोलखा जिल्ला**

दोलखा जिल्ला गौरिशंकर गाउँपालिकामा पर्यवेक्षणका क्रममा यस्तो पाइयो ।
१. निर्वाचनमा ३२.३५% मत खसेको थियो ।
२. निर्वाचन शान्तिपूर्ण रह्यो ।
३. मतदानमा सहभागीता कम रहेको पाइयो ।

जिल्लाबाट प्राप्त जिल्लागत निर्वाचन पर्यवेक्षण विवरणका आधारमा माथि केही जिल्लाका पर्यवेक्षण गरिएका केही केन्द्रका विवरणहरु उल्लेख गरिएका छन् । यस बाहेक पनि अन्य जिल्लाबाट प्राप्त प्रतिवेदनका आधारमा पर्यवेक्षणका खण्डहरुमा उल्लेख गरिएको छ । माथि उल्लेखित जिल्लागत विवरण संगठनबाट पर्यवेक्षण गरेका जिल्लाहरुको नमूनाको रुपमा लिएका छौं । पर्यवेक्षणको विस्तृत विवरणहरु यस प्रतिवेदनमा समावेश गरिएका छन् ।

## ४. पर्यवेक्षणका विषय क्षेत्र

नेपाल मानव अधिकार संगठनबाट यस पटकको पर्यवेक्षणमा आयोगले तोके बमोजिमको समावेश गरिएका विषय क्षेत्रमा निर्वाचन कानून र निर्वाचन प्रणाली, मतदाता नामावली तथा परिचय-पत्र वितरण, मतदाता शिक्षा, राजनीतिक दल तथा उम्मेदवारी दर्ता, निर्वाचन आचारसंहिताको पालना, निर्वाचन सुरक्षा व्यवस्था, मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच, स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्वन, निर्वाचनमा लैङ्गिक समावेशिता, निर्वाचन विवाद निरुपणको अवस्था लगायतका अन्य विषयमा तथ्याङ्क प्रस्तुती, सबल पक्ष, भोगिएको समस्या, सुधार गर्नु पर्ने पक्ष, सुधारका उपाय तथा सुझाव लगायतका विषयहरु समाविष्ट छन् ।

### ४.१ निर्वाचन कानून र निर्वाचन प्रणाली

#### ४.१.१ सबल पक्ष

- निर्वाचन कानून प्रष्ट र निर्वाचन प्रणाली राम्रो भएको मतदाताले महसुस गरे ।

#### ४.१.२ सुधार गर्नु पर्ने पक्ष

- निर्वाचन कानूनको बारेमा आम मतदाताहरु, राजनीतिक दल र तिनका प्रतिनिधिहरुलाई अझ बढी प्रशिक्षण भए राम्रो हुने देखियो ।
- निर्वाचन कानून अझ कडाइका साथ लागू गर्नुपर्ने ।

#### ४.१.३ सुधारका उपाय तथा सुझाव

- विद्युतीय मतदान प्रणालीको व्यवस्था गर्ने ।

### ४.२ मतदाता नामावली तथा परिचय-पत्र वितरण

#### ४.२.१ सबल पक्ष

- मतदाता नामावलीमा नाम भएका जति मतदातालाई परिचयपत्र वितरण गर्ने प्रयास राम्रो थियो ।

#### ४.२.२ सुधार गर्नु पर्ने पक्ष

- मतदाता नामावली अध्याबधिक गर्दा र मतदाता नामावली संकलन गर्दा व्यापक प्रचार प्रसार गर्नुपर्ने ।
- मृत्यु भएका मतदाताहरुको नाम मतदाता नामावलीबाट हटाउनुपर्ने ।
- सबै मतदाताहरुको नाम समावेश हुने चुस्त ब्यबस्था गर्नुपर्नेमा बिशेष ध्यान केन्द्रीत गर्नुपर्ने ।

### ४.३ मतदाता शिक्षा

#### ४.३.१ सबल पक्ष

- मतदाता शिक्षा दिने प्रयास गरेको देखियो ।

#### ४.३.२ भोगिएको समस्या

- मतदाता शिक्षा अझ प्रभावकारी बनाएमा राम्रो हुन देखियो ।

#### ४.३.३ सुधार गर्नु पर्ने पक्ष

- मतदाता शिक्षाको प्रभावकारिता र सम्बन्धित मतदातासम्मको पहुँचमा बृद्धि गर्नुपर्ने ।

#### ४.३.४ सुधारका उपाय तथा सुझाव

- स्थानीय नागरिक समाजका प्रतिनिधिहरुलाई स्वयमसेवकका रुपमा सहभागी गराई सबैको सहभागितामा मतदाता शिक्षा दिने ब्यबस्था गर्नुपर्ने ।

### ४.४ राजनीतिक दल तथा उम्मेदवारी दर्ता

#### ४.४.१ सबल पक्ष

- राजनीतिक दलको तर्फबाट र स्वतन्त्र उम्मेदवारहरुले पनि उत्तिकै मात्रामा जनप्रतिनिधि वन्नका लागि मनोनयन दर्ता गरेको पाइयो ।

#### ४.४.२ भोगिएको समस्या

- राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन कानून र आचारसंहिताको पूर्ण रुपमा पालना गरेको पाइएन ।

#### ४.४.३ सुधार गर्नु पर्ने पक्ष

- सबै राजनीतिक दलका र स्वतन्त्र उम्मेदवारहरु सबैले निर्वाचन आचारसंहितालाई कडाईका साथ पालना गर्नुपर्ने ।
- निर्वाचन खर्च पारदर्शी बनाई सार्वजनिक गर्नुपर्ने ।
- निर्वाचन प्रचार प्रसारका सामाग्रीहरुको सरसफाईमा ध्यान दिनुपर्ने ।
- मतदानका दिन प्रचार प्रसारका कार्यहरु पुरै बन्द गर्नु गराउनुपर्ने ।

### ४.५ निर्वाचन आचारसंहिताको पालना

#### ४.५.१ सबल पक्ष

- निर्वाचन आचारसंहिता राम्रो बनेर स्थानीय तहको निर्वाचनमा भन्दा यस उप निर्वाचनमा अझ बढी मात्रामा लागू भएको पाइयो ।

#### ४.५.२ भोगिएको समस्या

- निर्वाचन आचारसंहिता बनेता पनि यसलाई सबै राजनैतिक दल तथा स्वतन्त्र उम्मेदवारहरु राम्रोसँग पालना गरेको पाइएन ।

#### ४.५.३ सुधार गर्नु पर्ने पक्ष

- निर्वाचन आचारसंहिता विपरित कार्यको तत्काल कारबाही गर्ने संयन्त्र बिकास गर्नुपर्ने र आचारसंहिता उल्लंघनकर्तालाई तुरुन्त कारबाही गर्नुपर्ने ।
- मतदान केन्द्र वरिपरिको प्रचारप्रसार तथा मतदानको दिनमा मतदान केन्द्रमा प्रचारप्रसार गर्ने परिपाटी अन्त्यका लागि अधिकार सम्पन्न छुट्टै संयन्त्र नै परिचालन गर्ने व्यवस्था हुनुपर्ने ।

### ४.६ निर्वाचन सुरक्षा व्यवस्था

#### ४.६.१ सबल पक्ष

- यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा सुरक्षा व्यवस्था राम्रो रहेको पाइयो ।
- महिला सुरक्षाकर्मीलाई पनि उत्तिकै प्राथमिकता दिइएको पाइयो ।

#### ४.६.२ सुधार गर्नु पर्ने पक्ष

- निर्वाचनमा खटि जाने सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मीहरु समेतको भूमिका निष्पक्ष र बिवाद रहित हुनुपर्ने र बनाउनुपर्ने तर्फ गम्भिर हुनुपर्ने ।
- अशक्त मतदाताको मताधिकारलाई सही सदुपयोग हुने गरी निजले अनुरोध गरेको मत संकेतमा मतदान हुने मजबुत व्यवस्था तर्फ ध्यान दिनुपर्ने ।

#### ४.६.३ सुधारका उपाय तथा सुझाव

- सबै मतदान केन्द्रहरु तथा मतगणना स्थलमा सिसि क्यामराको व्यवस्था गर्ने ।

### ४.७ मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच

#### ४.७.१ सबल पक्ष

- यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच केही सहज रहेको पाइयो ।

#### ४.७.२ भोगिएको समस्या

- सबै स्थानमा मतदान केन्द्रहरु सहज ठाउँमा नरहेको, सबैलाई पायक नपरेको र टाढा भएको गुनासो पाइयो ।

#### ४.७.३ सुधार गर्नु पर्ने पक्ष

- मतदान स्थल र मतदान केन्द्रहरु ब्यवस्थित र सहज स्थानमा राख्नुपर्ने ।
- हालको केही निर्वाचन स्थल र केन्द्र पायक नपरेको हुँदा सो तर्फ विशेष ध्यान दिनुपर्ने ।
- विद्यालयलाई निर्वाचनको मतदान स्थल र मतदान केन्द्र बनाउँदा विद्यार्थीहरुको पढ्न पाउने अधिकार कुण्ठित नहोस् भन्ने तर्फ सचेत रहनुपर्ने ।

### ४.८ स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन

#### ४.८.१ सबल पक्ष

- केही मतदान स्थलहरुमा Health Desk को व्यवस्था र खानेपानीको व्यवस्था गरेको पाइयो ।

#### ४.८.२ भोगिएको समस्या

- सबै मतदान केन्द्रमा स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन गरेको पाइएन ।

#### ४.८.३ सुधार गर्नु पर्ने पक्ष

- सबै मतदान केन्द्रमा स्यानीटाइजर, हात धुन साबुन पानी, खानेपानी, फर्ट एड किट, मास्क लगायतका स्वास्थ्य सम्बन्धी आधारभुत आवश्यकताहरुको व्यवस्था सरोकारवाला सबै पक्ष मिलेर गर्नुपर्ने ।

#### ४.८.४ सुधारका उपाय तथा सुझाव

- मतदानमा सरिक मतदाताहरुको जीवन बीमाको व्यवस्था गर्ने ।

### ४.९ निर्वाचनमा लैङ्गिक समावेशिता

#### ४.९.१ सबल पक्ष

- यसपटकको निर्वाचनमा लैङ्गिक समावेशितामा विशेष ध्यान दिएको पाइयो ।
- निर्वाचन सुरक्षा, मतदान केन्द्र व्यवस्थापन लगायतका क्षेत्रमा लैङ्गिक समावेशितामा रहेको पाइयो ।

#### ४.९.२ भोगिएको समस्या

- महिला कर्मचारी, महिला सुरक्षाकर्मी पर्याप्त मात्रामा नभएको पाइयो ।
- महिलाको प्रतिनिधित्वलाई खुम्चाइएको ।

### ४.९.३ सुधार गर्नु पर्ने पक्ष

- महिला कर्मचारी, महिला सुरक्षाकर्मी लगायतलाई अझ बढी मात्रामा उपस्थित गराउनुपर्ने देखियो ।
- पुरुष सरह महिलालाई पनि प्रतिनिधित्व गर्ने समान अवसर दिनु पर्ने ।

## ४.१० निर्वाचन विवाद निरुपणको अवस्था

### ४.१०.१ सबल पक्ष

- सबै दलका प्रतिनिधिहरुको उपस्थिति रहेको ।

### ४.१०.२ सुधार गर्नु पर्ने पक्ष

- सुरक्षा संयन्त्र अझ बढी प्रभावकारी बनाउनुपर्यो ।
- संयमित भएर विवाद निरुपणतर्फ ध्यान दिन सरोकारवालाहरु आफैं पनि सचेत हुन जरुरी छ ।

## ख) पर्यवेक्षणका खण्डहरु

### मतदान अघि

स्थानीय तहमा रिक्त ४४ मध्ये ४१ पदका लागि २०८१ मंसिर १६ गते आइतबार निर्वाचन हुँदैछ । मतदानको समय बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म रहेको छ । मतदाता नामावलीमा नाम भएको तर परिचय पत्र नहुने मतदाताले पनि नागरिकता, पासपोर्ट, सवारी चालक परिचयपत्र तथा जग्गाधनी पुर्जा देखाएर मतदान गर्न पाउने व्यवस्था पनि गरिएको छ ।

नेपाल मानव अधिकार संगठनका अध्यक्ष लगायतको टोलीले काठमाडौं, प्रदेश कार्यालय र जिल्ला प्रतिनिधिले विभिन्न मतदान केन्द्र तथा स्थलको बस्तुस्थिति तथा सुरक्षा व्यवस्थाको बारेमा अनुगमन गरेकोमा निर्वाचन सम्बन्धी सामाग्री मतदान केन्द्रमा पुगिसकेको, ज्येष्ठ नागरिक, अशक्तहरुका लागि शीघ्र मतदान गर्ने व्यवस्था मिलाइएको अनुगमनका क्रममा पाइएको संगठनका अध्यक्ष इन्द्र प्रसाद अर्यालले बताउनु भयो ।

### मतदानको दिन

नेपालको संविधान २०७२ जारी भएपछि २०७४ सालमा पहिलो र २०७९ सालमा दोश्रो आवधिक निर्वाचन भयो । स्थानीय तह उप निर्वाचन २०८१, ३२ जिल्लाका ४४ रिक्त पदमा भएको थियो । लोकतन्त्रमा आवधिक निर्वाचनको महत्व अधिक हुने गर्दछ ।

निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरेका नेपाल मानव अधिकार संगठनका ६३ जना पर्यवेक्षकहरुले १८ जिल्लाका ६८ भन्दा बढी मतदानस्थलको अनुगमन गरेका छन । नेपाल मानव अधिकार संगठनका पर्यवेक्षकहरूबाट प्राप्त जानकारी अनुसार निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

स्वच्छ, विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएमा मात्र मतदाताले सही प्रतिनिधिहरूको छनोट गर्न सक्दछन् । निर्वाचनका माध्यमबाट नागरिक नीति निर्माण तहमा वैधानिक रूपमा पुग्ने र विधिको शासन कायम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । तसर्थ, लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुन्छ । निर्वाचनमा मतदान गर्ने मतदाताको सार्वभौम र मौलिक अधिकार हो । निष्पक्ष निर्वाचनले मात्र लोकतान्त्रिक पद्धतिको सवलीकरण र विकासमा टेवा पुऱ्याउँछ ।

नेपाल मानव अधिकार संगठनका पर्यवेक्षकहरु, जिल्ला प्रतिनिधिहरु, प्रदेश कार्यालयहरुले निर्वाचन पूर्व अवस्थाको विश्लेषण, आचारसंहिता उल्लंघनका घटनाका बारेमा समेत अनुगमन गरेका थिए । संगठनले गरेको अनुगमनमा आचारसंहिता उल्लंघनका घटनामा पहिलाको तुलनामा कमी आएको पाइयो । निर्वाचन आयोगले आचारसंहिता उल्लंघनप्रति शून्य सहनशीलताको नीति अपनाएकाले पनि यस्तो देखिएको हुन सक्थ्यो ।

आफ्ना प्रतिनिधि मार्फत नागरिकले शासनमा सहभागिता जनाउने, आफैं निर्वाचित हुन उम्मेदवारी दिन पाउने र शासन व्यवस्थामा सहभागी हुन पाउने अधिकारलाई मानव अधिकारको रुपमा लिइन्छ । नेपालको संविधान २०७२ ले सार्वभौमसत्ता नेपाली जनतामा नीहित रहने, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, आवधिक निर्वाचनको संवैधानिक सुनिश्चितता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, विचार र अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक जस्ता विषयलाई मौलिक हकको रुपमा समावेश गरेको छ ।

**निर्वाचनमा जे देखियो**

- पर्यवेक्षकहरुलाई मतदान केन्द्रको प्रवेशमा कुनै अवरोध खडा भएन र सहज रुपमा मतदानस्थलको अवलोकन गरेको पाइयो ।
- मतदान केन्दमा महिला र पुरुष मतदाताका लागि अलगअलग लाइन राखिएको थियो भने ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका र बिरामी मतदातालाई सहज रुपमा मतदान गर्ने व्यवस्था मिलाइएको पाइयो ।
- निर्वाचन सामग्रीको उचित व्यवस्थापन भएको हुँदा मतदान प्रक्रियामा कुनै अप्ठ्यारो भएको पाइएन ।
- केही ठाउँमा चिसो मौसमको कारणले गर्दा मतदान प्रक्रिया अलि ढिला सुरु भएको पाइयो ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई मतदान गर्ने प्रक्रिया पहिलाको निर्वाचनमा भन्दा सहज गरेको पाइयो ।
- पहिलाको तुलनामा युवा मतदाताको उपस्थिति कम रहेको पाइयो ।

**मतदान पछि**

स्थानीय तहमा रिक्त रहेका पदका लागि उप निर्वाचन सम्पन्न भएको र ती स्थानहरुको मतगणना सुरु भएको अवस्थामा संगठनका पर्यवेक्षकहरुले कतिपय ठाउँमा मतगणनास्थलमै प्रवेश अनुमति पाई प्रत्यक्ष पर्यवेक्षण गरे भने कतिपय स्थलका मतगणनालाई बाहिरबाटै पर्यवेक्षण गरे । विगतका

घटनाहरुलाई मध्यनजर गर्दै यस पटक देशैभरका मतगणनास्थलमा सुरक्षाका र मतगणना चुस्त दुरुस्त पारिएको पर्यवेक्षणका क्रममा पाइयो ।

**पर्यवेक्षणका खण्डहरुको निष्कर्ष**

निर्वाचनको महत्व अझ बढाउनको लागि निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक हुन्छ । निर्वाचन आचारसंहिताको पालनामा अझै कडाई गर्नुपर्ने देखिन्छ। यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाएर अघि बढ्नु पर्ने दायित्व निर्वाचन आयोगको रहेको छ । निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनामा पहिलाको भन्दा कमी आएको छ । आचारसंहिता उल्लङ्घनका घटनामा कारबाही भएको खण्डमा यसको अझ राम्रो प्रतिफल निस्कन सक्छ ।

मूलतः निर्वाचन स्वतन्त्र, निष्पक्ष भए नभएको, निर्वाचनको सिलसिलामा उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले समेत प्रचारप्रसार गर्न पाए नपाएको, अभिव्यक्ति स्वतन्त्रता, सभा सम्मेलन गर्ने स्वतन्त्रता, आमसभा तथा शान्तिपूर्ण जुलुस सञ्चालन गर्न पाए नपाएको, उम्मेदवारले निर्वाचनको सिलसिलामा बालबालिकाको प्रयोग गरे नगरेको जस्ता विषयहरु मानव अधिकारसँग अन्योन्याश्रित रहेका हुन्छन् । त्यसका अतिरिक्त मतदान केन्द्र आम मतदातालाई पायक पर्ने, अपाङ्गमैत्री स्थान छनोट भए नभएको, मतदान केन्द्रको सुरक्षा बन्दोबस्ती र वातावरणको कारण मतदाताले गोप्य रुपमा मतदान गर्न पाए नपाएको विषय समेत मानव अधिकारका विषय हुन् । सिमान्तकृत नागरिकको खासगरी ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति लगायतका मतदातालाई विशेष व्यवस्था, खानेपानी र शौचालयको व्यवस्था र स्वतन्त्र पर्यवेक्षकको अनुगमनमा पहुँचको विषय समेत निर्वाचन र मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण पक्षहरु रहेका हुन्छन् । यो उप निर्वाचन यस अघिका निर्वाचन भन्दा शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

**ग) तथ्यांक, तथ्य र विश्लेषण**

माथि जिल्लागत रुपमा प्रस्तुत प्रतिवेदन, पर्यवेक्षणका खण्डहरुमा प्रस्तुत विवरणका आधारमा र सम्पूर्ण निर्वाचन पर्यवेक्षणका आधारमा समग्रमा निर्वाचनको लेखाजोखा निम्नलिखित रहेको पाइयो ।

**महंगो निर्वाचन**

पहिलाको तुलनामा निर्वाचनमा प्रयोग गरिने सर सामान र निर्वाचन खर्च महंगो हुँदै गैरहेको छ ।

**महिला मतदाताको उल्लेख सहभागिता**

यस निर्वाचनमा पनि महिलाको सहभागिता बढी देखियो । खास गरी ग्रामीण क्षेत्रका युवा वर्गमध्ये अधिकांश पुरुषहरु रोजगारीका सिलसिलामा आफ्नो स्थायी बासस्थान छोडेर अन्यत्र गएकाले पनि महिलाहरु नै धेरै मतदाता रहेको पाइयो । मतदानका लागि महिला पुरुषको अलग अलग लाइनको व्यवस्था गरिएको र महिलाको संख्या धेरै भएकाले महिलाहरु केही समय लाइनमा बसेर मतदान गरेको पाइयो ।

**छिटो मतगणना**

यस पटकको उप निर्वाचनको परिणाम आउन समय लागेन । कम ठाउँ तथा थोरै मतदाता भएर पनि यस्तो भएको हुन सक्छ ।

**उच्च असन्तुष्टि, न्यून मतदान**

जाडो यामको निर्वाचनबाट केही स्थानमा भने प्रभाव परेको पाइयो । कतिपय स्थानमा भने खेतीपातीको समय भएर पनि कम मतदाताको उपस्थिति रहेको पाइयो । मौलाउँदो भ्रष्टाचार, कमजोर पूर्वाधार र दोहोरिने उम्मेदवारका कारण कम सहभागिता रहेको पाइयो ।

**५. पर्यवेक्षण गर्न खटाइएका पर्यवेक्षकहरुको खण्डीकृत विवरण (समावेशी समूह खुल्ने गरी)**

निर्वाचन आयोगबाट अनुमति पाई नेपाल मानव अधिकार संगठनबाट खटाइएका पर्यवेक्षकहरुको खण्डीकृत विवरणमा संगठनले सम्भव भए सम्मका सातै प्रदेशका, हिमाल, पहाड, तराईका, आयोगवाट दिइएको खण्डीकृत विवरण अनुसार पर्ने गरी सम्पूर्ण समावेशी समूह समावेश हुने गरी पर्यवेक्षकहरु खटाइएकोमा खस आर्य, मधेशी, पिछडिएको क्षेत्र, आदिवासी/जनजाती, दलित, मुस्लिम परेका थिए भने त्यसमा पनि महिलाको संख्यालाई विशेष ध्यान दिएर पर्यवेक्षकहरु खटाइएको थियो जसमा पर्यवेक्षकहरु खटाइएका जिल्लाहरु र संख्याको विवरण निम्नानुसार छ ।

| क्र.स. | जिल्लाहरु | संख्या |
|---|---|---|
| १. | काठमाडौं | २० |
| २. | रौतहट | ५ |
| ३. | महोत्तरी | १ |
| ४. | सप्तरी | २ |
| ५. | दोलखा | १ |
| ६. | मकवानपुर | १ |
| ७. | बाजुरा | ५ |
| ८. | कपिलबस्तु | १ |
| ९. | रोल्पा | २ |
| १०. | कालिकोट | २ |
| ११. | डोल्पा | २ |
| १२. | हुम्ला | ५ |
| १३. | डोटी | १ |
| १४. | नुवाकोट | ३ |
| १५. | सुनसरी | २ |
| १६. | गोरखा | ३ |
| १७. | झापा | ३ |
| १८. | मोरङ | ४ |
| | **जम्मा** | ६३ |

## ६. आयोगलाई सिफारिस गर्नु पर्ने विषय

निर्वाचन शान्तिपूर्ण, स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न भएता पनि आगामी निर्वाचनमा नेपाल सरकार, **निर्वाचन आयोग, राजनीतिक दल, पर्यवेक्षक तथा पर्यवेक्षण गर्ने संस्था** लगायत सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूले निम्न कुराहरूमा सुधार गर्नुपर्ने देखिन्छ ।

### ६.१ निर्वाचन आयोग नेपाललाई सुझावः

- मतदाता शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने । शिक्षित भन्दा अशिक्षितलाई लक्षित गरी कार्यक्रम तय गरिनुपर्ने ।
- मतदान प्रकृयालाई डिजिटाइज्ड गरिनुपर्ने ।
- मतदाता परिचय पत्र बिना मतदान गर्न नपाइने व्यवस्था हुनुपर्ने ।
- निर्वाचन आचारसंहिता उल्लङ्घनकर्तालाई अझ सशक्त रुपमा कारबाहीको दायरामा ल्याउनुपर्ने ।

### ६.२ राजनीतिक दलहरूलाई सुझावः

- आचारसंहिताको पूर्ण परिपालना गर्ने ।
- निर्वाचनसम्बन्धी कार्यक्रमहरू विद्यालयमा नगर्ने प्रतिबद्धताको पूर्ण परिपालना गर्ने ।

### ६.३ पर्यवेक्षक तथा पर्यवेक्षण गर्ने संस्थाका लागि सुझावः

- पर्यवेक्षकहरूलाई अनिवार्य अभिमुखीकरण तालिममा सहभागी गराउने ।
- आचारसंहिताको परिपालनामा ध्यान दिने ।
- निर्वाचन आयोगले गरेका निर्णयहरूका बारेमा जानकार हुने ।

## ७. सिकाइ र चुनौती

### १) मतदानका लागि जनता प्रतिबद्ध

जनतालाई सानोतिनो अवरोधले सार्वभौमसत्ताको अभ्यास गर्ने काममा रोक्न सकिँदैन भन्ने देखियो । जनताको सहभागिताले सो कुरा प्रमाणित गऱ्यो । विगतका निर्वाचनको तुलनामा भने मतदानमा कम सहभागिता देखियो ।

### २) निर्वाचन खर्चिलो र अस्वस्थ

अझै पनि नेपाली समाज स्वस्थ, स्वच्छ र मर्यादित निर्वाचनमा पूर्ण रुपमा विश्वस्त हुन सकेको छैन । साम दाम, दण्ड भेद जे गरेर भए पनि चुनाव जित्नुपर्छ भन्ने परम्परागत मान्यता अझै विद्यमान देखियो ।

### ३) निर्वाचन ऐन, कानुन, आचारसंहिता

निर्वाचन ऐन, कानुन, आचारसंहिता पालनामा अझै कडाई गर्नुपर्ने देखिन्छ ।

### ४) पर्यवेक्षणका लागि आकर्षण र व्यवस्थापन

नयाँ पुस्ता खास गरी शिक्षित वर्ग निर्वाचन पर्यवेक्षणका लागि धेरै ईच्छुक देखियो । यो चाहना र आकर्षणलाई निर्वाचनलाई स्वस्थ, स्वच्छ र मर्यादित बनाउनका लागि सदुपयोग गर्न सकिन्छ तर पर्यवेक्षकहरुलाई हरेक मतदान केन्द्रमा परिचालन गर्ने र तिनलाई स्थानीय, प्रादेशिक र केन्द्रीय संयन्त्रसँग आबद्ध गराई व्यवस्थित गर्ने चुनौती पनि छ । पर्यवेक्षणमा जाँदा केही मात्रामा भए पनि भत्ताको सुविधा दिन सकेमा अझ जागरुकता साथ पर्यवेक्षण हुने कुरा पर्यवेक्षणका क्रममा पाइयो ।

## ८. निष्कर्ष

२०८१ मंसिर १६ गते सम्पन्न स्थानीय तह उप निर्वाचनले नेपालको लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरण गर्ने दिशामा नयाँ उमङ्ग, जोश र जाँगर उत्पन्न गरिदिएको छ । निर्वाचित जनप्रतिनिधिहरू झन् उत्साहित भएका छन् ।

सार्वभौमसत्ता/राज्यको सर्वोच्च राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान २०७२ को वाक्यलाई मनन गर्दा आवधिक निर्वाचन नेपाली लोकतन्त्रको एक अपरिहार्य तत्वका रूपमा मान्न सकिन्छ । जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ । यस्तो निर्वाचन प्रत्येक चार/पाँच वर्षमा भइरहनु पर्छ र जनताको ताजा विचार लिइरहनु पर्छ र यसैअनुसार मुलुक शासित हुनु नै सही अर्थमा लोकतन्त्र हो । तर मतदान र प्रतिनिधित्वको प्रकार अनुसार यस्तो निर्वाचन पद्धति प्रत्यक्ष र अप्रत्यक्ष दुवै हुन सक्छ । लोकतन्त्र बहुमतको सरकार भएकाले निर्वाचनले मात्र कुन दल/समूह बहुमतमा छ र कुन अल्पमत भन्ने संवैधानिक/कानुन निक्यौल गर्ने गर्दछ । यदि निर्वाचन भएन भने त्यहाँको शासन लोकतान्त्रिक होइन निरङ्कुश तानाशाही हुने गर्दछ । जसमा जनताको कुनै हिस्सा हुँदैन । निर्वाचन राजनीतिज्ञ, नेतृत्व, कार्यकर्ता, जनता सबैका लागि आफ्नो शक्ति र तौल परीक्षण गर्ने एक प्रतिस्पर्धात्मक खेल मैदान भएका हुनाले कमजोर दल, नेतृत्व र समुदाय आफ्नो कम शक्ति प्रभाव भएका कारण सधै निर्वाचनबाट तर्सिने गर्दछ । विभिन्न कृत्रिम बहानामा निर्वाचनको विरोध गर्दै निर्वाचन बहिष्कारको बाटो समेत अवलम्बन गर्ने गर्दछ । त्यसैले, आवधिक निर्वाचन सबैका लागि एक दरिलो प्रेरक तत्वका रूपमा समेत रहने गर्दछ । शासक वर्ग सधैं जनताबाट भयभित र त्रसित हुने गर्दछन् । त्यसैले प्रत्येक चार/पाँच वर्षमा हुने आवधिक निर्वाचनले उनीहरूलाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाउन बाध्य तुल्याउँछ र जनताका लागि विकास निर्माणका कार्य गर्न दबाब दिने गर्दछ । यस क्रममा उनीहरू आफ्ना निहित स्वार्थ पन्छाएर जनताका लागि कार्य गर्न विवश हुन्छन् ।

आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो । जित्ने दलले/उम्मेदवारले जन इच्छा अनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति बनाउने गर्दछन् । लोकतन्त्रमा जनतालाई मतदान गर्ने अधिकार प्रदान गरिएको छ । आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ । निर्वाचन नहुने मुलुकमा यथार्थमा निरङ्कुश शासन नै हुने गर्दछ । त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधैं सम्मान गर्न जान्नु पर्छ । लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ

। निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्वपूर्ण कसी हो । लोकतन्त्रको आधार स्तम्भ हो । त्यसैले निर्वाचन सधैं निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ ।

यस स्थानीय तह उप निर्वाचनले लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शलाई आत्मसात् गर्न सक्छ कि सक्दैन र निर्वाचनलाई निष्पक्ष, भयरहित, धाँधलीमूक्त, मितव्ययी भयो कि भएन र यसमा जनताको व्यापक सहभागिता जुट्न सक्यो कि सकेन भन्ने विषयमा पर्यवेक्षण कार्यको मुख्य खोज रहेको थियो । निर्वाचनका क्रममा हुन सक्ने हत्या, हिंसा, डर, धाक, धम्कीको प्रयोग, मतदाता खरिदबिक्री, आर्थिक चलखेल, निर्वाचनसम्बन्धी नियम कानून तथा आचारसंहिता पालन भए नभएको पनि खोजको विषय थियो । लोकतन्त्रमा निर्वाचन अपरिहार्य मानिने र निर्वाचन सरकार, जनता, राजनीतिक दल, मतदाता, नागरिक समाज, सञ्चार माध्यम संयुक्त उपक्रम भएकाले ती सबैको भूमिकालाई पनि विभिन्न कोणबाट हेरिनु जरुरी हुन्छ ।

सोही पृष्ठभूमिमा नागरिक समाजका हैसियतले लोकतन्त्रको पहरेदारका रुपमा निर्वाचनको पर्यवेक्षण गर्ने कर्तव्य ठानेर निर्वाचन आयोगको अनुमति लिएर मतदानका लागि निर्धारित दिन, सोका लागि मनोनयन पश्चात्को अवधि र निर्वाचन सम्पन्न भएपछि मतगणना सम्पन्न नहुँदा सम्मको दिनहरुलाई यो पर्यवेक्षणमा समेटिएको छ । खास गरी यो प्रतिवेदन निर्वाचन आयोगले पर्यवेक्षकहरुलाई परिचयपत्र जारी गरी दिएको अवधिमा केन्द्रित छ । संक्षेपमा माथिका केही प्रतिनिधिमूलक तथ्यहरुलाई विश्लेषण गरी हेर्दा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ ।

अन्त्यमा, २०८१ सालमा सम्पन्न स्थानीय तह उप निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको निष्कर्ष नेपाल मानव अधिकार संगठन पर्यवेक्षकहरुको रिपोटिङबाट प्राप्त भएको छ । सापेक्ष दृष्टिले निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको र ठूलो मात्रामा मतदाताले मताधिकारको अभ्यास गरेको देखियो र यसबाट निर्वाचनको उद्देश्यलाई परिपूर्ति गर्न तर्फ अग्रसर भएको र देशलाई लोकतान्त्रिक पथमा अघि बढ्न मद्दत गरेको पाइयो ।

## अनुसूचि

पर्यवेक्षणका क्रममा लिइएका केही फोटोहरु यस अनुसूचिमा संलग्न छन् ।








आधारभूत विद्यालय
पा-१ अन्हराठ
मित्र


SIGMA S.S. COLLEGE
Anyone who has never made a mistake has never tried anything new



समाप्त ।